(तेस्रो औं बैठक)

आज मिति २०८० भाद्र २१ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री रुपेश ब. प्रधान (का.बा. वडा अध्यक्ष)

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शेर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री बच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री बीर बहादुर बस्नेत (प्र.प्र.अ)

<u>आमन्त्रित/सहयोगी कर्मचारीहरु :</u>

- श्री नवराज खत्री (शाखा अधिकृत)
- श्री गंगाप्रसाद पौडेल (सू.प्र.अ)

प्रस्तावहरु :

१. जग्गा वर्गिकरण सम्बन्धमा

२. गाउँपालिकाको दर रेट पारित सम्बन्धमा

३. भाडाको घर रङ रोगन गरेको सम्बन्धमा

४. तीज कार्यक्रम सम्बन्धमा

५. शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धमा,

६. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा

७. रकम विनियोजन सम्बन्धमा

८. विविध सम्बन्धमा

निर्णयहरु

१. भोटेकोशी गाउँपालिका भित्र रहेका सम्पूर्ण जग्गाहरु भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड तथा आधारहरु २०७९ बमोजिम सर्वेक्षण पश्चात वडा कार्यालय बाट सिफारिस भै आए बमोजिम जग्गा वर्गिकरण गर्ने निर्णय गरियो ।

२. भोटेकोशी गाउँपालिकाको आ.व २०८०/०८१ को कार्यक्रम तथा योजना संचालनको लागि तयार गरेको भोटेकोशी गाउँपालिकाको दररेट स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।साथै स्थानीय निर्माण सामग्रीहरु संकलन स्थानबाट कार्यस्थल सम्मको दुरी हेरी ढुवानी थप गर्ने निर्णय गरियो ।

३. विगत देखि गाउँपालिका कार्यालय रहेको भाडाको घरको रङ रोगनको लागि उक्त घर भाडामा लिन मिति २०७५ असोज २३ गते भएको सम्झौता बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

४. हिन्दु नारीहरुको महान चाड हरितालिका तीजको पावन अवसरमा मिति २०८० भाद्र २७ गतेका दिन तिज विशेष कार्यक्रम गर्नको लागि बढीमा रु २ लाख ५० हजार सम्म दिवसीय कार्यक्रममा विनियोजित रु ५ लाख मध्येबाट खर्च गर्ने निर्णय गरियो ।

५. यस भोटेकोशी गाउँपालिकामा करार सेवामा शिक्षक पदपूर्तिको लागि विज्ञान, गणित र अंग्रेजी विषयमा पटक पटक विज्ञापन प्रकाशन गर्दा समेत पदपूर्ति हुन नसकेको कारण आगामी विज्ञापनबाट

विज्ञान, गणित र अंग्रजी विषयका हकमा प्रथम पटक प्रकाशित विज्ञापनमा शिक्षक अध्यापन अनुमती पत्र भएका उम्मेद्धारको दरखास्त नपरेमा दोस्रो पटक प्रकाशित विज्ञापन देखि शिक्षक अध्यापन अनुमती पत्र नभएका उम्मेद्धारलाई समेत परीक्षामा सहभागी गराइ नियुक्ति दिने तर दोस्रो पटक विज्ञापन गर्दा अध्यापन अनुमती प्राप्त उम्मेद्धारबाट दरखास्त पेश भएको अवस्थामा अध्यापन अनुमती पत्र नभएका उम्मेद्धारलाई परीक्षमा सहभागी गराईने छैन ।

६. यस भोटेकोशी गाउँपालिकाबाट स्वीकृत घ वर्गको निर्माण व्यवसायीको इजाजत पत्र सम्वन्धी कार्यविधि २०७५ को पहिलो संशोधनको दफा ४ को उपदफा २ बमोजिम निवेदक श्री बोर्डर लाइन मल्टिप्रपोज कम्पनी प्रा.लि. भोटेकोशी २, तातोपानी घ वर्गको निर्माण व्यवसायिको इजाजत पत्रको लागि योग्य रहेकोले नियमानुसार घ वर्गको निर्माण व्यवसायीको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

७. यस गाउँपालिकाको विपद व्यवस्थापन कोषमा विनियोजित रकमबाट भुक्तानी हुने गरी तपसिल वमोजिमको योजना संचालनको लागि तपसिल वमोजिको रकम विनियोजन गर्ने निर्णय गरियो

- हिन्दि नारायणथान सडक - रु ४ लाख ६० हजार
- चाकु मार्मिङ सडक - रु १ लाख १० हजार

८. विविध विषय सम्बन्धमा

१. यस कार्यालयमा विगत लामो समय देखि कार्यरत न्यायिक सहजकर्ता श्री सम्झना श्रेष्ठ (कार्की) लाई प्रदेश कानुन मन्त्रालयबाट तलब भत्ता प्राप्त नभएमा यस कार्यालयको आन्तरिक स्रोतबाट कार्यालयमा हाजिर भएको मिति सम्मको तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो।

२. विगत लामो समय देखि वन्द रहेको तातोपानी नाका हाल संचालनमा आएकोले उक्त नाका क्षेत्रमा रहेको लिपिङ बजार व्यवस्थापन गर्न कोदारी बसपार्क देखि नाका सम्मको क्षेत्रमा जिर्ण अवस्थामा रहेका घरहरु भत्काउन त्यस क्षेत्रका नागरिकहरुलाई ३५ दिने सूचना जारी गर्ने र उक्त तोकिएको समयमा जिर्ण घरहरु नभत्काएको खण्डमा गाउँपालिका आफैले भत्काउने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै गाउँपालिका भित्रका सम्पूर्ण सार्वजनिक जग्गाहरुमा व्यक्तिगत प्रयोजनको लागि कुनै पनि भवन तथा संरचना निर्माण नगर्न सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

३. भोटेकोशी गाउँपालिका स्थित तातोपानी नाका क्षेत्र, लिपिङ बजारमा सार्वजनिक शौचालय नभएको र नाका आवतजावत गर्ने आम नागरिकका लागि शौचालय बनाउनु अति आवश्यक

भएकोले विपद व्यवस्थापन कोषमा विनियोजित रु ७० लाख मध्ये प्राविधिक शाखाबाट तयार भएको लागत अनुमान बमोजिमको रकम भुक्तानी हुने गरी शौचालय निर्माण गर्ने निर्णय गरियो।

४. दश किलो  बोक्चेन सडक खण्डमा भोटेकोशी नदि माथि बेली बृज निर्माण गर्न डी.पि.आर. समेत तयार भएको उक्त डी.पि.आर अनुमोदन सहित कार्यान्वयन गर्न MLRBD  हेटौडा लाई अनुरोध गर्ने निर्णय गरियो ।

५. भोटेकोशी गाउँपालिका वडा नं १ अन्तर्गतको घट्टेखोला पहिरो नियन्त्रणको लागि तयार भएको लागत अनुमान अनुमोदन सहित बागमती प्रदेश आन्तरिक कानुन तथा मामिला मन्त्रालयलाई बजेट माग गर्ने निर्णय गरियो ।

६. यस गाउँपालिकामा संचालित ४ वटा सामुदायिक विद्यालयमा शुन्य दरबन्दी भएको हुदा सघिय विज्ञान, गणित र अंग्रेजी मा.वि शिक्षण सिकाई अनुदानका थप ४ वटा विद्यालयहरुलाई तपशिल बमोजिम अनुदान दिने निर्णय गरियो ।साथै भीमसेन मा.वि. र मार्मिङ मा.वि. का पालिका अनुदानमा कार्यरत शिक्षकहरुलाई नै संघिय अनुदान कोटामा कायम गर्ने निर्णय गरियो

तपसिल :

१. उग्रचण्डी  मा.वि - गणित

२. थापीनारायण मा.वि - अंग्रेजी

३. मार्मिङ मा.वि - गणित

४. भीमसेन मा.वि - बिज्ञान

(समाप्त)